नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८१/०८२
चलानी नं. : ०३

मितिः २०८१।०४।०६
नेपाल संवत् ११४४ दिल्लाथ्व १५ आइतवार

श्री स्थानीय तह, ७५३ वटै ।
श्री प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ।
श्री स्थानीय विकास प्रशिक्षण केन्द्र, जावलाखेल ।
श्री तराई मधेश समृद्धि कार्यक्रम ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम ।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।

विषय : सेवा सञ्चालनको व्यवस्था सम्बन्धमा ।

प्रस्तुत विषयमा निजामती कर्मचारी अस्पतालको च.नं ०६ मिति २०८१।०३।३१ को पत्रानुसार उक्त अस्पतालबाट प्रवाह हुने सेवालाई सर्वसुलभ/सिघ्र बनाउन कर्मचारीका लागि प्राथमिकतामा राखी विहान र बेलुकाको समय छुट्याई देहाय बमोजिमका सेवा सञ्चालन व्यवस्था मिलाईएकोले सो समयमा सहज रुपमा सेवा लिन सकिने व्यहोरा तहाँ अन्तर्गतका कर्मचारीहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

देहायः

१. मिति २०८०।११।१० गते देखि सवै OPD सेवाहरु हप्ताको ६ दिन (शनिवार र अस्पतालले तोकेका सार्वजनिक विदा वाहेक) नै सञ्चालन भएको ।
२. अस्पतालको OPD सेवामा विहान ९:०० देखि १०:०० सम्म निजामती कर्मचारीलाई मात्र हेर्ने, बिहान १०:०० देखि २:०० सम्म सर्वसाधारण विरामीलाई मात्र हेर्ने र अपरान्ह २:०० देखि ४:०० सम्म निजामती कर्मचारी तथा अन्य सर्वसाधारण विरामीलाई (रिपोर्ट समेत) हेर्ने व्यवस्था गरिएको ।
३. OPD टिकट दैनिक विहान ७:०० देखि अपरान्ह २:३० सम्म काट्ने व्यवस्था गरिएको । OPD का टिकट मध्ये ३३% टिकट अनलाइन मार्फत काट्न सकिने व्यवस्था समेत गरिएको ।
४. निजामती कर्मचारी अस्पताल विकास समितिबाट EHS सेवा सञ्चालन गर्ने व्यवस्थाको लागि विस्तारित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८१ तयारी कार्य भैरहेको ।
५. अस्पतालमा मुटु र फोक्सो प्रत्यारोपण केन्द्र स्थापना गरी सेवा विस्तार गर्न आवश्यक पर्ने पूर्वाधार, कार्यक्रम/वजेट, जनशक्ति व्यवस्थापन र सेवा शुल्क निर्धारण लगायतका विषयमा सम्भाव्यता अध्ययन गर्न अस्पतालका कार्यकारी निर्देशकको संयोजकत्वमा गठित समितिबाट कार्य भई रहेको ।
६. अस्पतालमा मिर्गौलाका विरामीहरुलाइ हेमो डाइलाईसिस सेवा, नवजात शिशु सघन उपचार कक्ष (NICU) लगायतका सेवाहरु समेत सञ्चालन गरिएको र क्यान्सर रोगको लागि अत्याधुनिक मेशिनवाट रेडियोथेरापी उपचार सेवा सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको ।

शरद कुमार दाहाल
शाखा अधिकृत

बधार्थः
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन,काठमाडौं।